# कनकाई पोलिटेक्निक इन्स्टिच्युट

कनकाई नगरपालिका,झापा

कोशी प्रदेश, नेपाल

फोन न. ०२३४०१०१७

९८१४९१३९७४/९८५२६३०११३

email: ito.kankaimun@gmail.com

www.kpi.edu.np


पत्र संख्याः ०८०/८१ ( प्रशासन शाखा ) मितिः २०८०|०५|१३

च. नं :२५

श्री सम्पूर्ण नगरपालिका तथा गाउँपालिकाहरु सबै

कोशी प्रदेश नेपाल ।

**विषयः निःशुल्क अध्ययनको अवसर सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोग तथा हेल्वटास नेपाल इन्सुअर परियोजनाको प्राविधिक सहयोगमा शैक्षिक वर्ष २०८०/८१ का लागि यस शिक्षालयमा निःशुल्क अध्यापन हुने तपशिल बमोजिमका कोटाहरुमा तहाँ पालिकामा रहेका विद्यार्थीहरुकाई प्रवेश परीक्षामा सामेल गराई छात्रवृतिमा पढ्ने अवसरका लागि अनुरोध गर्दछौ।

| क.स. | कार्यक्रम | कोटा संख्या |
|---|---|---|
| १ | Pre Diploma In Information Technology (Apprenticeship) | ३० जना |
| २ | Pre Diploma In Civil Engineering ( Building Construction ) ( Apprenticeship) | ३० जना |

**आवश्यक शैक्षिक योग्यता**

१. SEE परीक्षाको हकमा न्यूनतम इ ग्रेड प्राप्त SLC परीक्षाको हकमा SLC पास ।

**आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. हालसालै खिचिएको रङ्गिन फोटो ३ प्रति तथा शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु

२. जन्मदर्ता वा नागरिक्ताको प्रतिलिपि

**फाराम भर्ने समय तथा प्रवेश परीक्षा**

**फाराम भर्ने अन्तिम मितिः** २०८०/०६/०२ गते सम्म

**प्रवेश परीक्षा संचालन मितिः** २०८०/०६/०६ विहान ११ बजेबाट

**अन्तरवार्ता मितिः** २०८०/०६/०६ गते दिनको १ बजेबाट

**विद्यार्थीले प्राप्त गर्ने सुविधाहरु**

१. निशुल्क अध्ययनको अवसर

२. खाजा/ यातायात खर्च बापत प्रति विद्यार्थी प्रतिदिन रु.१००।- (दुई वर्ष सम्म पाउने)

नोटः यस कार्यक्रममा अध्ययन गर्न विद्यार्थीलाई कुनै शुल्क लाग्ने छैन। विद्यार्थी छनोट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गरिदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यस प्रति पूर्ण सचेत रही विद्यार्थी छनोट प्रकृयालाई मर्यादित एवम निस्पक्ष रुपमा संचालन गर्न गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालहरुमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा शिक्षालयमा उपस्थित भई वा सम्पर्क गर्नुहुन समेत अनुरोध छ। सम्पर्कका लागि ०२३४०१०१७, ९८५२६३०११३/ ९८१४९१३९७४/ ९८४२६७२३३६/ ९८०४९८७६२७/ ९८४२७३१८४७

**शिक्षालयमा उपस्थित हुन नसक्ने विद्यार्थीको लागि अनलाईन फाराम भर्ने व्यवस्था समेत गरिएको छ। अनलाईन फाराम भर्न यहाँ क्लिक गर्नुहोस।**

**https://bit.ly/aptkpiform**

कनकाई नगरपालिका र CTEVT को साझेदारीमा संचालित

# कनकाई पोलिटेक्निक इन्ष्टिच्युट दुर्गापुर झापा

निःशुल्क शिक्षण हुने प्रि डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा सम्बन्धी जानकारी।

**के हो त औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम?**

उद्योग तथा शिक्षालय दुवैमा अध्यापन हुने यो कार्यक्रम प्रि डिप्लोमा तहको कार्यक्रम हो । यसको अवधि जम्मा २ बर्षको हुन्छ जसमध्ये सुरुका ३.५ महिना नियमित शिक्षालयमा पढाई हुन्छ भने १९.५ महिना उद्योग तथा कम्पनीमा र शिक्षालय दुवैमा पढाई हुन्छ। र अन्यको १ महिना पुन शिक्षालयमानै पढाई भई अवधि पुरा गरिन्छ। CTEVT वाट लिईने परिक्षामा सामेल भई पास भए पस्चात सम्बन्धित विषयको प्रि डिप्लोमा तह (TSLC) सो सरहको सर्टिफिकेट प्राप्त गर्दछन। नेपालसरकारको चौथो तहको प्राविधिक पदमा प्रतिस्पर्धा गर्न योग्य हुन्छ।

**के कति खर्च लाग्छ यो पढ्न?**

यो कार्यक्रम पढ्नको लागि कुनै खर्च लाग्दैन छनोट भएका विद्यार्थीले उल्टै शिक्षालयवाट खाजा खर्च प्राप्त गर्दछन भने औद्योगिक शिकाईमा रहेको समयमा उद्योगवाट समेत न्यनतम मासिक ४००० प्राप्त हुन्छ यसरी हेर्दा एउटा विद्यार्थीले मासिक ७००० पैसा पनि पाउने पढ्न समेत पाउने हुन्छ कुनै पनि शुल्क लाग्दैन।

**के कति कोटामा पढाई हुन्छ? आवश्यक डकुमेन्ट के के चाहिन्छ त?**

**शैक्षक बर्ष २०८०को लागि शिक्षालयमा तपशिल बमोजिको कोटा प्रस्ताव गरिएको छ।**

| क.स | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम (निशुल्क तर्फ) | कोटा | कैफियत |
|---|---|---|---|
| १ | Pre-diploma in Information Technology | ३० जना | |
| २ | Pre-diploma in Civil Engineering (Building Construction) | ३० जना | |

**आवश्यक शैक्षिक योग्यता**

क. अक्षराङ्कन पद्धति लागू हुनुपूर्वका प्रवेशिका परीक्षाको हकमाः एस.एल.सी. वा सो सरहको परिक्षा उत्तीर्ण ।

ख. अक्षराङ्कन पद्धति लागू भए पश्चातएस.ई.ई. परीक्षामा न्यूनतम ई ग्रेड प्राप्त ।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. स्पष्ट मुखाकृत देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रङ्गिन फोटो,
२. SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि
३. नेपाल बाहेक अन्यमुलुकवाट SLC/SEE वा सो सरहको परीक्षा उत्त्रीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि

**विद्यार्थीहरुले प्राप्त गर्ने सुविधाहरु**

१. निशुल्क अध्ययनको अवसर
२. खाजा/यातायात खर्च वापत प्रति विद्यार्थीलाई तोकिए बमोजिमको खाजा खर्च।

नोटः यस कार्यक्रममा अध्ययन गर्न विद्यार्थीलाई कुनै शुल्क लाग्ने छैन। विद्यार्थी छनोट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गरिदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रमपैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही विद्यार्थी छनोट प्रकृयालाई मार्यादित एवम निष्पक्ष रुपमा संचालन गर्न गारउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा शिक्षालयमा उपस्थित भई वा सम्पर्क गर्नुहुन समेत अनुरोध छ। सम्पर्कका लागि ९८५२६३०११३/९८१४९१३९७४/९८४२६७२३३६/९८०४९८७६२७/९८४२७३१८४७

फोटोको पछाडी SLC/SEE को Symbol No. र नाम उल्लेख गरी एक प्रति फोटो टिकाए गरी राख्नुहोला

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुर

हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को रंगीन फोटो टाँसी फोटो र फाराममा पर्ने गरी परीक्षार्थी र प्राचार्यले सही गर्ने

शिक्षालयको नाम : कनकाई पोलिटेक्निक इन्स्टिच्युट

ठेगाना : कनकाई-६, दुर्गापुर (झापा)

# औद्योगिक प्रशिक्षण कार्यक्रम (प्रि-डिप्लोमा तह)

प्रशिक्षार्थी आवेदन फाराम (२०८०)

दर्ता नं

कार्यक्रम/ट्रेड १) सिभिल २) आई० टी०

**आवेदकको व्यक्तिगत विवरण :**

नाम (देवनागरीमा)

नाम (अंग्रेजी ठूलो अक्षरमा)

लिङ्ग: महिला पुरुष अन्य

जन्म मिति साल महिना गते

नागरिकता नं जारी मिति जारी जिल्ला

**वैवाहिक अवस्था:** अविवाहित विवाहित छुट्टिएका पारपाचुके विदुर/विधवा

**जात/जाती:** (आफ्नो जात/जाती लेख्नुहोस जस्तै: ठकुरी, शेर्पा, कामी, यादव, नेवार, शिख, मुसहर, तुनिया आदि)

**जात/जाती समूह:** ब्राम्हण क्षेत्री ठकुरी दशनामी जनजाती दलित मधेशी धार्मिक अल्पसंख्यक

**भौगोलिक प्रतिनिधित्व:** हिमाल पहाड तराई मधेश

**स्थायी ठेगाना:** प्रदेश जिल्ला म.न.पा./उ.म.न.पा./न.पा./गा.पा वार्ड नं

**सम्पर्क ठेगाना:** प्रदेश जिल्ला म.न.पा./उ.म.न.पा./न.पा./गा.पा वार्ड नं

फोन नं : मोबाइल नं

इमेल आइ डी : फेसबुक आइ डी

**बिशिष्ट अवस्था :** छैन अपाङ्ग द्वन्द्वपीडित बाढी/भुकम्प पिडीत मुक्त कमैया मुक्त कमलरी मुक्त हलिया एचआइभि संक्रमित सुकुम्बासी शहीद परिवार

**बिशिष्ट अवस्था सम्वन्धी आधिकारीक कागजात:** छ छैन

**आमाको नाम:** मोबाइल नं

**बाबुको नाम:** मोबाइल नं

**संरक्षकको नाम:** संरक्षक संगको नाता

**संरक्षकको ठेगाना:** प्रदेश जिल्ला म.न.पा./उ.म.न.पा./न.पा./गा.पा वार्ड नं

**फोन नं :** मोबाइल नं

**शिक्षा, तालीम तथा रोजगारी सम्वन्धी जानकारी :**

**शैक्षिक योग्यता:** एसइइ/प्रवेशिका उत्तीर्ण ११-१२ कक्षा १२ कक्षा भन्दा माथि

**अध्ययन गरेको शिक्षण संस्थाको नाम :** ठेगाना

**शिक्षण संस्थाको प्रकार:** सामुदायिक सरकारी निजी अन्य

एस.एल.सी./एस.ई.ई. परीक्षा दिएको साल वर्ष : एस.एल.सी./एस.ई.ई. मा प्राप्त श्रेणी/ग्रेड

तपाईले सीप सम्वन्धी कुनै तालीम लिनु भएको छ ? छ छैन

उद्योग/व्यावसायको सिफारिश पत्र संलग्न छ ? छ छैन

**सीप सम्वन्धी तालीम लिएको भए,**

| तालीमको नाम | कार्यक्रम र ट्रेड | तालीम अवधि |
|---|---|---|
| १. | | |
| २. | | |

**आर्थिक स्थिति :**

परिवारको सदस्य संख्या : ______ परिवारको वार्षिक आम्दानी (सबै स्रोतबाट): ______

तपाई किन यस कार्यक्रममा सहभागी हुन चाहनुहुन्छ ? ..............................................................

यस फाराममा उल्लेखित सबै विवरण साचो हो, झुठ्ठो ठहरिएमा प्रशिक्षणको लागि अयोग्य ठहरिनेछु ।

| | | |
|---|---|---|
| आवेदकको दस्तखत :............ | दरखास्त फाराम रुजु गर्नेको दस्तखतः........................ | प्राचार्यको दस्तखत : .................... |
| मितिः ............................ | रुजु गर्ने कर्मचारीको नामः .................................. | प्राचार्यको नाम : ......................... |
| | मितिः ........................................................ | शिक्षालयको छाप : ................ |
| | | मितिः ...................................... |

**प्रशिक्षण सम्वन्धी सामान्य जानकारी :**

१. आवेदकले आवेदन दर्ता गराउंदा मार्कशीटको प्रतिलिपी, प्रमाणपत्रको प्रतिलिपी, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी र नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी सबैमा आवेदकले सक्कल बमोजिम नक्कल ठीक छ भनी हस्ताक्षर गर्नुपर्नेछ ।

२. छनौट भएको आवेदकहरुको स्वास्थ्य परीक्षण गरिनुका साथै १ महिनाको परीक्षण अवधि हुनेछ ।

३. परीक्षण अवधिबाट छानिएता पनि प्रशिक्षण अवधिभर सन्तोषजनक कार्यसम्पादन र नतिजा ल्याउन नसक्नेलाई कुनै पनि समयमा प्रशिक्षणबाट हटाउन सकिनेछ ।

४. प्रशिक्षण निःशुल्क हुनेछ भने प्रत्येक प्रशिक्षार्थीलाई खाजा तथा यातायातको लागि तोकिएको रकम उपलब्ध गराइनेछ । खाना, बस्न र व्यक्तिगत खर्च प्रशिक्षार्थी आफैले व्यवस्था गर्नुपर्नेछ ।

५. प्रशिक्षण र तालीम समय प्रत्येक दिन कम्तिमा ६ घण्टाको हुनेछ भने प्रशिक्षार्थी कम्तीमा ९०% हाजिर हुनुपर्नेछ । यदि कुनै प्रशिक्षार्थी तोकिएको हाजिरी दिनभन्दा कम हाजिरी भएमा प्रशिक्षण र तालीमबाट हटेको मानिनेछ ।

६. अन्तरवार्ताबाट छानिएका आवेदकले शिक्षालय, प्रशिक्षार्थी (संरक्षक सहित) र सम्बन्धित उद्योग बीचको त्रिपक्षीय सम्झौता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।

७. म्याद नाघी आएका तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

८. आवेदकले www.ctevtexam.org.np बाट आवेदन फाराम डाउनलोड गरी प्रिन्ट गरेर भरी सम्बन्धित शिक्षण संस्थामा आवश्यक कागजातहरु सहित आवेदन फाराम बुझाउनु पर्नेछ । प्रशिक्षणका लागि छनौट भएका र प्रतिक्षासूचीमा रहेका परीक्षार्थीहरुको नामावली www.ctevtexam.org.np मा प्रकाशन गरिनेछ ।

**नोट :**

आवेदन फाराम नियमानुसार रुजु गरी CTEVT ITMS Online मा तोकिएको समयावधी भित्र Online Entry गर्ने जिम्मेवारी सम्वन्धित शिक्षालयको हुनेछ ।